**नेपाल बार एशोसिएशन**
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

प.सं.

नेपाल संवत् ११४६

मितिः २०८३ साउन १४ गते

**केन्द्रीय कार्यसमिति**
(२०८२-२०८५)

**अध्यक्ष**
वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र

**उपाध्यक्ष**
अधिवक्ता पदम प्रसाद लिम्बु
अधिवक्ता भूपेन्द्र खनाल
अधिवक्ता सरस्वती श्रेष्ठ
अधिवक्ता अजय शंकर झा "रुपेश"
अधिवक्ता विवसकुमार बस्नेत
अधिवक्ता कृष्ण प्रसाद पोखरेल
अधिवक्ता तेज बहादुर रावल
अधिवक्ता सिद्ध राज ओझा

**महासचिव**
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

**कोषाध्यक्ष**
वरिष्ठ अधिवक्ता जगत बहादुर कार्की

**सचिव**
अधिवक्ता बाबुराम अर्याल

**सदस्यहरु**
वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ
अधिवक्ता मंगल सुन्दर शिल्पकार
अधिवक्ता किरण न्यौपाने
अधिवक्ता शारदा गुरुङ
अधिवक्ता दमन बहादुर चन्द
अधिवक्ता सूर्य कुमार यादव
अधिवक्ता डा. मुकुन्द अधिकारी
अधिवक्ता रंजिता कार्की
अधिवक्ता माधव मैनाली
अधिवक्ता रिंकु कुमारी यादव
अधिवक्ता किरण पौडेल
अधिवक्ता इन्दिरा आचार्य
अधिवक्ता चिरञ्जीवी तिल्क्यानी

# प्रेस विज्ञप्ती

**नेपाल बार एशोसिएशनको केन्द्रीय कार्यसमिति सहित सल्लाहकारज्यूहरूसँग बसेको संयुक्त बैठकले निर्णय गरेबमोजिम सम-सामयिक विषयका सम्बन्धमा देहाय बमोजिमको धारणा सार्वजनिक गर्दछौं,**

१. सुनसरी जिल्ला देवानगञ्ज गाउँपालिकामा मिति २०८३ साउन १० को घटनाका सम्बन्धमा नेबाए मानब अधिकार तथा जनसरोकार समितिले मिति २०८३ साउन १३ गतेका दिन प्रेस वक्तव्य प्रकाशित भई सकेको छ । तथापी हाल पूर्व नेपाल लगायतका क्षेत्रमा शान्ति बहालीको चुनौती देखा परेकाले सबै पक्षहरूलाई संयमित भई आपसी सद्भाव र सहष्णुताका लागि सहज वातावरण निर्माण गर्न अनुरोध गर्दछौं । साथै सुनसरी घटनाका सम्बन्धमा सत्य तथ्य पत्ता लगाई प्रतिवेदन पेश गर्न नेबाएका उपाध्यक्ष अधिवक्ता श्री पदम प्रसाद लिम्बुज्यूको संयोजकत्वमा स्थानीइ बार एकाईका प्रतिनिधि, शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल (पापड)का स्थानीय प्रतिनिधि र मानव अधिकारवादी संघ संस्थाका स्थानीय प्रतिनिधिहरू सम्मिलित नागरिक स्तरीय अध्ययन समिति गठन गरिएको बेहोरा जानकारी गराउँदछौं ।

२. हाल देशभर चुनौतीको रूपमा रहेको शान्ति, सुव्यवस्थालाई थप भड्किन नदिई शान्ति, सद्भाव र सहिष्णुताका साथ सुव्यवस्था कायम गर्न, मानब अधिकारको सम्मान गर्न र जनताको जीउ धन रक्षाको पूर्ण प्रत्याभूती गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं ।

३. नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको प्रस्तावित विधेयकमा संशोधन गरी नेपाल बार एशोसिएशनको भूमीका हटाइएकोप्रति गम्भीर चासो व्यक्त गर्दछ । आयोगको स्वतन्त्रता, स्वायत्तता, कानून तर्जुमाको प्राज्ञिक भूमीकालाई न्यून गरी कानून तर्जुमा सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास एवम् मूल्य-मान्यता विपरित पदावधिको अनिश्चितता सहितको प्रस्तावित संशोधनको संकुचित संरचनाले सहभागितामूलक विधायन तर्जुमाको मर्मलाई संकुचन गर्ने भएकाले प्रस्तावित संशोधनलाई परिमार्जन गर्न नेपाल सरकार समक्ष ध्यानाकर्षण गराउँदछौं ।

४. संवैधानिक इजालास गठनका सम्बन्धमा यस अधिको परम्परा र मान्यता विपरित संवैधानिक इजलास गठन भई हाल सञ्चालन भएको सम्बन्धमा व्यापक गुनासो आई सो सम्बन्धमा सम्माननीयज्यूको नेबाएले पटक-पटक ध्यानाकर्षण गराइएको छ । संवैधानिक इजलास गठन सम्बन्धमा नेबाएको पूर्ववत् धारणा बमोजिम नै वरिष्ठताको आधार वा रोष्टरमा रहेका माननीय न्यायाधीशज्यूहरूका बीचमा गोला गराई संवैधानिक इजलास गठन गरी जन आस्था अभिवृद्धि गर्न उपयुक्त हुने सुझाव आज बसेको सल्लाहकारज्यूसँगको बैठकबाट प्राप्त भएको हुँदा सोही मुताविक सर्वोच्च अदालतको संवैधानिक इजलास गठनका लागी सम्माननीय प्रधान न्यायाधीशज्यूको ध्यानाकर्षण गराउँदछौं साथै, यस सम्बन्धमा सर्वोच्च अदालतको पूर्ण बैठक बसी आवश्यक निकासका लागि समेत अनुरोध गर्दछौं ।

वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला
महासचिव